**मस्यौदा**

# आन्तरिक नियन्त्रण तथा अनुगमन निर्देशिका, २०८०

कम्पनी दर्ता तथा प्रशासनको क्रममा कार्यालयबाट प्रदान गरिने सेवाको गुणस्तर अभिवृद्धि गर्न, कम्पनी ऐन तथा कम्पनी प्रशासन सम्बन्धी प्रचलित कानुनको पालनामा कम्पनीहरुलाई जिम्मेवार र जवाफदेही बनाउन, कार्यालयमा दर्ता भएका कम्पनीका संचालकद्धारा हुने संस्थागत आवरण (कर्पोरेट भेल) को दुरुपयोग रोक्न एवं नियमनकारी निकायको रुपमा कार्यालयको क्षमता विकास गर्न साथै नेपालको समग्र कम्पनी प्रशासनको विश्वसनियता अभिवृद्धि गर्न कम्पनी ऐनको दफा १६ ले प्रदान गरेको अधिकार प्रयोग गरी रजिष्ट्रारले यो निर्देशिका बनाई जारी गरेको छः

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१)यो निर्देशिकाको नाम **"आन्तरिक नियन्त्रण तथा अनुगमन निर्देशिका, २०८०"** रहेको छ ।

(२)यो निर्देशिका तत्काल प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

**(क)** "**अदालत**" भन्नाले उच्च अदालत, पाटन सम्झनुपर्छ ।

**(ख)** "**ऐन**" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ।

**(ग)** "**निर्देशिका**" भन्नाले कम्पनी निर्देशिका, २०७२ सम्झनुपर्छ ।

**(घ)** "**कार्यालय**" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ।

**(ङ)** "**कैफियत तलव**" भन्नाले ऐनको दफा १२० वमोजिम गरिने कैफियत तलव सम्झनुपर्छ।

**(च)** "**रजिष्ट्रार**" भन्नाले ऐनको दफा १६ वमोजिमको रजिष्ट्रार सम्झनुपर्छ।

**(छ)** "**संचालक**" भन्नाले प्रचलित कम्पनी कानुन वमोजिम नियुक्त वा निर्वाचित कुनै कम्पनीको संचालक सम्झनुपर्छ र सो शब्दले कम्पनीको अध्यक्ष समेतलाई जनाउनेछ।

३. <u>आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्ने</u>: रजिष्टारले ऐन, वमोजिम कम्पनी दर्ता र प्रशासन गर्ने सन्दर्भमा रजिष्टारलाई प्राप्त भै निजद्धारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने कार्यालयका कर्मचारीहरु तथा कम्पनीका संचालक एवं पदाधिकारीहरुद्धारा सम्पादित

कामको सन्दर्भमा कानुनको अनुपालना भए नभएको विषयमा यस निर्देशिकाको प्रस्तावनामा उल्लेखित उद्देश्य पुरा गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नेछ ।

४. **<u>आन्तरिक नियन्त्रण प्रणालीका क्षेत्रहरु</u>**: आन्तरिक नियन्त्रण प्रणालीका क्षेत्रहरु निम्न वमोजिम हुनेछन:

**(क)** कम्पनी दर्ता तथा प्रशासनको सन्दर्भमा कार्यालयका अधिकृत तथा कर्मचारीहरुद्धारा ऐन एवं प्रचलित कम्पनी कानुनको पालना भए नभएको एकीन गर्ने ।

**(ख)** कम्पनी दर्ता तथा प्रशासनको सन्दर्भमा भुक्तानी गर्नुपर्ने दस्तुर एवं कम्पनीका संचालकहरुले ऐन वमोजिम तिर्नु पर्ने जरिवानाको गणना पुनः परिक्षण गर्ने ।

**(ग)** कम्पनी तथा यसका संचालकद्वारा ऐन तथा प्रचलित कम्पनी कानुनको अनुपालना भए नभएको एकीन गर्ने ।

**(घ)** कम्पनीहरुको तर्फबाट पेश भएका कागजातहरुको आधिकारिकता, गुणस्तर र सूचनाको विश्वसनीयता परिक्षण गर्ने ।

**(ङ)** कम्पनी र कम्पनीका संचालकहरुद्धारा ऐन तथा प्रचलित कानुनले अंगीकार गरेको संस्थागत सुशासन (Corporate Governance) का मूल्य मान्यताको पालना भए नभएको अध्ययन गर्ने।

५. **<u>आन्तरिक नियन्त्रणको लागि कम्पनीहरुको छनौट</u> :** रजिष्ट्रारले आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको लागि सम्बद्ध कम्पनीहरुको छनौट निम्न मध्ये कुनै वा सवै विधिद्धारा गर्न सक्नेछः

**(क)** कार्यालयमा कम्पनी दर्ता तथा कम्पनी प्रशासनको क्रममा सेवा प्रवाह भैसकेका कम्पनीहरु मध्येबाट एउटा निश्चित अनुपातमा कम्पनीहरु छनौट गरी कार्यालयको तर्फबाट सेवा प्रदान गर्दा कुनै कमी कमजोरी भए नभएको तथा दस्तुर र जरिवाना गणनाको पुनः परिक्षण गरी एकीन गर्ने।

**(ख)** निश्चित वर्गका कम्पनीहरुको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गर्ने ।

**(ग)** निश्चित उद्देश्य लिई दर्ता भएका कम्पनीहरुको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गर्ने।

**(घ)** कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचनाको आधारमा कुनै खास कम्पनीको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गर्ने ।

**(ङ)** कानुन कार्यान्वयन गर्ने निकाय वा कुनै सरकारी कार्यालयबाट प्राप्त सूचनाको आधारमा कुनै खास कम्पनीको तथ्यांक एवं अभिलेख अध्ययन तथा अनुसन्धान गर्ने ।

६. **<u>समय तालीकाः</u>** दफा ५ को उपदफा (क) वमोजिमको आन्तरिक नियन्त्रणको कार्य निरन्तर तथा अन्य उपदफा वमोजिमको कार्य आवधिक रुपमा वा रजिष्ट्रारले पत्रद्धारा तोकेको समय र शर्त वमोजिम सम्पादन गरिनेछ ।

७. **<u>जोखिममा आधारित प्रणालीको अवलम्वन गर्न सकिनेः</u>** आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको क्रममा दफा ५ वमोजिम कम्पनीहरुको छनौट गर्दा रजिष्ट्रारले जोखिममा आधारित प्रणालीको अवलम्वन गर्न सक्नेछ ।

८. **<u>आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको कार्यप्रकृयाः</u>** रजिष्ट्रारले कार्यालयको कुनै शाखा प्रमुख वा अधिकृत कर्मचारीलाई आवश्यक सहयोगी कर्मचारी र स्रोत साधन उपलब्ध गराई एक वा एक भन्दा वढि कार्यटोली गठन गरी दफा ५ वमोजिम कार्य जिम्मेवारी तोकी आन्तरिक नियन्त्रणको कार्यमा परिचालन गर्न सक्नेछ ।

९. **<u>कम्पनी संचालकको जवफदेहीता रहनेः</u>** (१) आन्तरिक नियन्त्रण प्रणालीको अवलम्वन कम्पनीगत रुपमा गरिनेछ तर अन्तरसम्बन्धित कम्पनीहरुमा यसको प्रभाव पर्न सक्नेछ ।

(२) कम्पनी संचालन तथा प्रशासनका क्रममा गरेका अनियमितताको जवाफदेहीता अपवादजन्य अवस्थामा वाहेक कम्पनीको संचालकमा निहीत रहनेछ ।यस्तो जवाफदेहीता संचालक वा पदाधिकारीले सामूहिक रुपमा तथा व्यक्तिगत रुपमा समेत वहन गर्नु पर्नेछ ।

१०. **<u>सम्बन्धित कम्पनीलाई जानकारी दिने अवस्थाः</u>** कार्यालयबाट सम्पादन हुने आन्तरिक नियन्त्रणको कार्य गर्दा सम्बन्धित कम्पनीबाट कैफियत तलव गर्नु परेको वा अध्ययनबाट प्राप्त तथ्य एकिन वा खण्डन गर्न कम्पनीको वा यसको संचालकको संलग्नता आवश्यक भएको अवस्थामा वाहेक सम्वन्धित कम्पनीलाई सो कुराको जानकारी गराउन आवश्यक पर्ने छैन ।

११. **<u>कम्पनी रोक्का वा रिमार्क्समा रहनेः</u>** अध्ययन अनुसन्धानको क्रममा दफा १० वमोजिम कम्पनीलाई जानकारी दिनु पर्ने वा कैफियत तलव गर्नु पर्ने अवस्था भएमा कम्पनीलाई पत्राचार गर्नुका साथै सम्बन्धित कम्पनीलाई रोक्का वा रिमार्क्समा (Remarks) मा समेत राख्न सकिनेछ ।

१२. **<u>सुनुवाईको मौका प्रदान गर्नु पर्ने:</u>** अनुसन्धानबाट कुनै कम्पनी वा संचालकलाई ऐन तथा यस निर्देशिका वमोजिम कारवाही गर्नुपूर्व सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ । कम्पनी वा संचालकसँग राय, प्रतिकृया, स्पष्टिकरण वा जवाफ माग गरिएकोमा पुन: सुनुवाईको मौका प्रदान गर्नुपर्ने छैन तर अनुसन्धानलाई निश्कर्षमा पुर्याउन थप स्पष्टिकरण माग गर्न सकिनेछ ।

१३. **<u>सम्बद्ध कम्पनीको समेत छानविन हुने:</u>** दफा १० वमोजिम छानविनमा रहेको कम्पनीले अर्को कुनै कम्पनीमा लगानी गरेको वा अर्को कम्पनीको संचालन तथा व्यवस्थापनमा संलग्न रहेको वा छानवीनमा रहेको कम्पनीमा लगानी गरेको अर्को कम्पनी समेत छानवीनमा समेटिनु पर्ने मनासिव कारण सहित सम्वद्ध देखिएको कारणले त्यस्तो सम्बद्ध कम्पनीमाथि समेत छानविन गर्नुपर्ने अवस्था देखिएमा त्यस्तो कम्पनी समेत रिमार्क्समा राखी छानविन गर्न सकिनेछ ।

१४. **<u>प्रतिवेदनको ढाँचा</u> :** यस निर्देशिका वमोजिम परिचालित अधिकृत तथा कर्मचारीले छानविनको क्रममा सम्वन्धमा राय पेश गर्न वा छानविन पश्चात मनासिव ढाँचामा प्रतिवेदन पेश गर्न सक्नेछन् ।

१५. **<u>प्रतिवेदन वा राय सुझावको कार्यान्वयन</u> :** रजिष्ट्रारले आन्तरिक नियन्त्रण प्रणालीमा गरिएको अध्ययन वा अनुसन्धान पश्चात् प्राप्त राय सुझाव वा प्रतिवेदनको कार्यान्वयनमा निम्न मध्ये उपयुक्त विधिलाई अवलम्वन गर्नेछः

**क. कर्मचारीको हकमा**

**(१)** निजामती कर्मचारीको हकमा निजामति सेवा ऐन, २०४९ र ऐ. नियमावली तथा अन्य सम्वद्ध कानून वमोजिम कारवाहीको प्रकृया अगाडि वढाउने ।

**(२)** सेवा करार निर्देशिका आकर्षित हुने कर्मचारीको हकमा करार संझौतामा उल्लिखित शर्त वमोजिम कारवाही गर्ने वा करार सम्झौता भंग गर्ने ।

**(३)** कार्यालयसँग गरिएको संझौता मार्फत परिचालन भएका सहयोगी कर्मचारीहरुको हकमा उक्त संझौतामा उल्लेख भए वमोजिम एवं प्रचलित कानुन वमोजिम आवश्यक र उचित कारवाही गर्ने एवं कार्यालयसंग भएको संझौता रद्ध गरी त्यस्तो संस्था वा कम्पनीलाई कालो सूचीमा राख्ने तर्फ कारवाही चलाउने ।

**(४)** कर्मचारीले प्रत्यायोजित अधिकारको दुरुपयोग गरेको आरोपमा सम्वन्धित निकायलाई छानविनको लागि पत्राचार गर्ने ।

**ख. सम्बन्धित कम्पनीको हकमा**

**(१)** अपुग कागजात पेश गर्न लगाई अभिलेख सुधार गर्ने ।

**(२)** छुट भएको दस्तुर तथा जरिवाना पुनः दाखिला गर्न लगाउने ।

**(३)** ऐनको दफा १२० वा दफा १७८ वमोजिम कम्पनीको संचालक एवं पदाधिकारीलाई आवश्यक निर्देशन दिने ।

**(४)** ऐनको दफा १८० वमोजिम अभिलेख वदर गर्ने ।

**(५)** ऐनको दफा १६०, दफा १६१ र दफा १६२ वमोजिमको सजायको मागदावी लिई दफा १५९ वमोजिम अदालतमा मुद्दा दायर गर्ने ।

**(६)** प्रचलित कानून वमोजिम स्थापित कानून कार्यान्वयन गर्ने निकायमा छानविन तथा कारवाहीको लागी सिफारिस गर्ने ।

**(७)** कम्पनी वा ट्रष्ट सेवा प्रदायकको हकमा इजाजतपत्रको शर्त वमोजिम उचित कारवाही गर्ने।

**(८)** कम्पनीको हिसावकिताव, कागजात तथा विवरण तयारी तथा अभिलेखको लागि पेश गर्ने कार्यमा संलग्न पेशाकर्मी, व्यावसायी वा व्यक्तिको हकमा सम्बद्ध नियामक निकायमा कारवाहीको लागि पत्राचार गर्ने ।

**१६. <u>सम्बद्ध निकायलाई जानकारी दिनुपर्ने</u> :** यस निर्देशिका वमोजिम अध्ययन वा छानविन भई कारवाही भएका कम्पनीहरुको हकमा त्यस्तो कम्पनीको इजाजत दिने तथा नियमन गर्ने निकाय तथा अन्य सरोकारवाला निकायलाई भए गरेको कारवाहीको विषयमा जानकारी गराउनु पर्नेछ ।

**१७. <u>अभिलेखमा जनाउने</u> :** दफा १५ वमोजिम कारवाहीमा परेका कम्पनीहरुको उक्त कारवाही संग सम्बद्ध कागजात सम्बन्धित कम्पनीको प्रोफाइलमा अभिलेखको रुपमा सुरक्षित गरिनेछ।

**१८. <u>अनुगमन गर्ने</u>:** कार्यालयले देहायका विषयमा कम्पनीहरुको अनुगमन गर्न सक्नेछ ।

**(१)** प्रचलित ऐन तथा निर्देशिका वमोजिम कम्पनी सञ्चालन एवं व्यवस्थापन भए नभएको अनुगमन गर्ने ।

**(२)** इजाजत लिने गरी दर्ता भएका कम्पनी सम्बन्धित निकायबाट इजाजत लिए नलिएको विषयमा अनुगमन गर्ने ।

**(३)** नियमनकारी निकायबाट इजाजत प्राप्त कम्पनीको हकमा कम्पनीको रजिष्टर्ड कार्यालयमा रहेका कम्पनी दर्ता र प्रशासन सम्बद्ध कागजातहरुको अध्ययन तथा अनुगमन गर्ने ।

**(४)** नियमनकारी निकायबाट इजाजत नलिएका कम्पनीहरुको हकमा कार्यालयको रजिष्टर्ड कार्यालयमा रहेका कागजातहरुको अध्ययन तथा कम्पनीद्धारा उद्देश्य प्राप्तिको लागि संचालित गतिविधिहरुको अनुगमन गर्ने ।

**(५)** कम्पनीको उद्देश्य विपरीत कारोवार वा व्यवसाय गरेको वा कम्पनी दर्ता नगरी कम्पनी दर्ता गर्नु पर्ने प्रकृतिको कार्य सम्पादन गरेको भएमा त्यसको गतिविधिहरुको अनुगमन गर्ने ।

१९. **अनुगमन संयन्त्रको विकास गर्ने:** (१) रजिष्ट्रारले कम्पनीहरुको अनुगमनको लागि छुट्टै शाखा स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको शाखा स्थापना नहुन्जेलसम्म रजिष्ट्रारले कार्यालयको कुनै अधिकृत कर्मचारीको नेतृत्वमा एक वा एक भन्दा वढी अनुगमन टोली गठन गरी आवश्यक स्रोत साधन उपलब्ध गराई अनुगमनको लागि खटाउन सक्नेछ।

(३) अनुगमनमा खटिने कर्मचारीले तोकिएको समयमा कार्यालय समक्ष अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ।

२०. **अनुगमन गर्न सहयोग माग गर्न सक्ने :**(१) यस निर्देशिका वमोजिम अनुगमन गर्न कार्यालयले निम्न निकायहरुको सहयोग माग गर्न सक्नेछः

**(क)** स्थानीय तह,

**(ख)** स्थानीय प्रशासन,वा

**(ग)** कार्यप्रकृति मिल्दो संघ, प्रदेश वा स्थानीय तहको इजाजत दिने तथा नियमन गर्ने निकाय।

२१. **अनुगमन प्रतिवेदनको कार्यान्वयन :** (१) कम्पनीको उद्देश्य विपरीत कारोवार वा व्यवसाय गरेमा वा कानून वमोजिम अनुमति पत्र लिनु पर्ने विषयमा अनुमति पत्र नलिई कारोवार वा व्यवसाय गरेको प्रमाणित भएमा कार्यालयले व्यवसाय वन्द गर्न निर्देशन दिने वा कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम कम्पनी खारेज गर्नु अघि कार्यालयले उचित समय दिई ऐन वमोजिम लिक्वीडेटर नियुक्त गरी दायित्व फरफारक वा अन्य काम कारवाही गर्न आदेश दिनेछ ।

(३)सम्पन्न अनुगमन प्रतिवेदनको अन्य विषयको कार्यान्वयन यसै निर्देशिका तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

२२. **निर्देशिकाको संसोधन:** रजिष्ट्रारले आवश्यकता अनुसार यस निर्देशिकाको संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

आन्तरिक नियन्त्रण तथा अनुगमन निर्देशिकाको मस्यौदामा

सुझाव माग गरिएको

कम्पनी दर्ता तथा प्रशासनको क्रममा कार्यालयबाट प्रदान गरिने सेवाको गुणस्तर अभिवृद्धि गर्न, कम्पनी ऐन तथा कम्पनी प्रशासन सम्बन्धी प्रचलित कानुनको पालनामा कम्पनीहरुलाई जिम्मेवार र जवाफदेही बनाउन, एवं नियमनकारी निकायको रुपमा कार्यालयको क्षमता विकास गर्न साथै नेपालको समग्र कम्पनी प्रशासनको विश्वसनियता अभिवृद्धि गर्ने उद्देश्यले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिकाको मस्यौदा तैयार गरीएको छ । उक्त निर्देशिका यस वेवसाइटको **सूचनाहरु** लिंकमा उपलब्ध छ ।

उक्त निर्देशिकाको अध्ययन गरी यसलाई थप परिस्कृत रुपमा जारी गर्ने सन्दर्भमा विभिन्न व्यक्ति तथा सरोकारवालाहरुको कुनै सल्लाह तथा सुझाव भएमा यो सूचना जारी भएको १५ (पन्ध्र) दिन भित्रमा यस कार्यालयमा उपलब्ध गराइदिनु हुन यसै सूचनाद्धारा अनुरोध गरिएको छ ।

प्रवक्ता

मिति : २०८०।६।२३